सहीद लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन



गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला। सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▸▸ अंक ३८२ साउन २५ सोमबार,२०७८, August– 9 Monday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. १०/- www.majhkharka.com

## त्रियुगा नगरपालिकाका ३३ कर्मचारीको तलब काटिने

❖ मुलुकी संवाद्दाता



*उदयपुर, साउन २४*

त्रियुगा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण बिक्रम थापा साउन २ गते देखि साउन तेस्रो सातासम्म बिदामा बसे । बरिष्ठको आधारमा नगरपालिकाका अधिकृत सुचना अधिकारी बिश्वजित राई निमित्त प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारी सम्हाले।

उनले साउन १० गते आईतबार त्रियुगा नगरपालिकाको मातहतको कर्मचारीले काम गरे नगरेको, काममा आएको, नआएको बिषयमा छड्के जाँच गरे। उनले त्रियुगा नगरपालिकाको नगर कृषि, नगर पशु, नगर स्वास्थ्य र त्रियुगा नगरपालिकाको ३३ जना अधिकृत स्तर को कर्मचारीसमेत छड्केमा कार्यालयमा नरहेको पाए ।

उनले ३३ जना कर्मचारीलाई पत्र पठाएर लिखित स्पष्टिकरण मागे । चित्तबुझ्दो जबाफ नआएपछि उनीहरु ३३ जनाकै एक दिनको तलब काट्ने नगरपालिकाले तयारी गरेको सुचना अधिकारी राईले जानाकारी दिए ।

## पहाडी भेगका सडक भनेको यस्तै हो

❖ मुलुकी संवाद्दाता

*उदयपुर, साउन २४*

हरेक वर्षा झैं यो पालि पनि पहाडी भेगका सडकहरु वर्षाले क्षतविक्षत भएका छन्। केही दिनयता दिन बिराएर पानी परिरहदा जिल्लाको पहाडी भेगका दर्जनौं सडकहरु पहिरो र हिलोले यातायात सञ्चालन गर्न नसक्ने अवस्थामा पुगेका छन् ।

खासगरी सदरमुकाम गाईघाटसँग जोडिएको सडकदेखि छुटिएका शाखा र उपशाखा ग्रामिण सडकखण्ड जताततै भत्कनुका साथै पहिरोले पुरिने र हिलो भरिएर यातायात आउजाउमा समस्या भएको हो। यो वर्ष जेठ पहिलो सातादेखि नै निरन्तरजस्तो वर्षा भईरहेको छ। वर्षाले कच्ची सडकहरु भत्कने, पुर्ने, पहिरो जाने र हिलोले खाल्डाखुल्डी पर्दा गाडी चलाउन समस्या परेको यातायात व्यवसायीहरु बताउँछन् । व्इवसायीहरुका अनुसार पहाडी भेगका प्राय सबै कच्ची सडकहरुको हालत लगभग उस्तै छ।



उदयपुर जिल्लाको सदरमुकाम गाईघाटदेखि उत्तरी सडक खाँबु रानीबास-रौता खण्डको हिलाम्य सडकमा लडेको मोटरसाईकल । तस्विर: महेश्वर

समथर भूभागमा डुबान र कटानको समस्या पर्ने गरे पनि वर्षाले पहाडी भेगका सडकहरु भने पहिरोकै समस्या खेप्नुपर्ने अवस्था छ। लामो दुरीको गाईघाट दित्तेल सडकसँग जोडिएका - ***बाँकी ३ पेजमा***

## समाचारको खोजीमा उच्च अदालत बिराटनगरसम्म

❖ बुद्धि कुमार राई

*बिराटनगर, साउन २४*

त्रियुगा उद्योग बाणिज्य संघ उदयपुको समाचा लेख्न सुरु गेको २०७८ असा २८ गतेदेखि सुरु गयो। बितेको २७ दिनमा पटक - पटक बाणिज्य संघ समन्धी समाचा लेखियो । म यस अघि पत्रिकाको अन्य जिम्मेवीमा हे समाचार लेखिहँदा न्यायलयको समाचाको लेखेको अनुभव थिएन ।



जब २०७७ बैशाख ७ गते बुधबा उदयपुको सबैभन्दा पुानो बिगत १५ बर्षअघिदेखि निन्त प्रकाशन हुँदै आईहेको मुलुकी दैनिकको सम्पादकको जिम्मेवी पाएपछि कानुन समन्धी औपचाकि अध्ययन गर्ने जिम्मेवी आएपछि कानुनका किताबहरु अध्ययनले न्यायलयको समाचा लेख्न जरी पर्यो। न्यायलय समन्धी समाचा लेख्दा कि कानुन पढेको हुनुपर्यो कि त कानुन समन्धी जानाका हुनुपर्यो । त्यसैले सम्बाददाताहरुले हत्तपत्त न्यायलय समन्धी समाचा लेख्न सक्दैनन या त लेख्ननै रुची राख्दैनन्। त्रियुगा उद्योग बाणिज्य संघको बिबाद उच्च अदालतसम्म पुगेपछि समाचा लेख्ने जिम्मेवीलाई पुा गर्न साउन २४ गते उच्च अदालत बिाटनग मोडमा फैसला हुने पुर्व जानाकी अनुरुप साउन २४ गते आईतबा बिहानै कार्बाहीमा पेका अध्यक्ष गजेन्द्र भगतसँगै बिाटनग जाने उदेश्यले- ***बिस्तृत पेज २ मा***

**Admission Open**

भर्ना खुल्यो ॥।
भर्ना अवधी : श्रावण २५ गतेदेखि भाद्र ६ गतेसम्म ।
अभिमुखिकरण( Orientation ):भाद्र - ७ गते बिहान -७ बजे
कक्षा सन्चालन: भाद्र -९ गतेबाट।
सम्पर्क समय : बिहान ७ बजेदेखि १० बजेसम्म
सम्पर्क न - 9852844003÷9807787309 9852835146÷9807766136
कक्षा ११ मा सिट सिमित छ। चाडैं भर्ना गर्नु होला ।हाललाइ भर्ना गर्दा अन्लाईन SEE को Gradesheet लिएर आउनु होला



## सम्पादकीय


# सामुदायिक बन र बिधुतको काम

साउन २३ गते शनिबार उदयपुर जिल्लाको पश्चिमी उदयपुरगढी गाउँपालिका ७ अधेरी झरना नजिक मदनभण्डारी लोकमार्गमा सडकमा रोकिरहको अटो गाडीमा सवार कटारी नगरपालिका ४ कि ३८ बर्षिय निशा मगर दनुवारले ज्यान गुमाउनुपर्यो। उनीहरु सवार रहेको अटो गाडी सडकमा रोकिरहेको अबस्थामा सोही ठाउँमा रहेको रुख ढलेर अटोलाई किच्दा निशाको घटना स्थलमै मृत्यु भयो भने सोही अटोमा सवार अन्य ४० बर्षिय श्याम दनुवार, २७ बर्षिय मिना दनुवार, ४८ बर्षिय कुमार तामाङ घाईते बने ।

अहिले बर्षायाम रहेकाले सडकको माथिल्लो भेगमा रहेको ठुला रुखहरु, भिरहरु सडकमा सवार यात्रुहरु, सवारीसाधनहरुको लागि खतराको सङ्केत बनेको छ। उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारमा रहेको लोकतान्त्रिक पिपलचोकमा रहेको पिपलचोकको हाँगाहरु गत हप्ता बिधुत प्राधिकरण उदयपुर बितरण केन्द्रले खतरा भएकोले काट्ने काम गर्यो। त्यस्तै यस्ता खतरकाको संकेत भएको उदयपुरको विभिन्न ठाउँमा रहेको खतरा हुने बोट बिरुवा रुख बन कार्यालय सँग सम्वनय गरेर बिधुत प्राधिकरपले रुख काट्न अत्ति आबश्यक छ । उदयपुर जिल्लाको त्रियुगा नगरपालिका १० बोक्सेमा रहेका वडा कार्यालय नजिक रहेका बरपिपल चौतारीको बरपिपल काँटछाँट गर्न आबश्यक छ । बिजुलीको तार छुने र बिजुली प्रवाह भई नागरिकले ज्यान गुमाउने भएकाले यस्ता रुख बिरुवाहरु काट्न जरुरी छ। बन जङ्गलको रक्षा, सुरक्षा गर्न भनि स्थापना गरिएका सामुदायिक बन उपभोक्ता समितिहरु काठ काटेर रकम कुम्ल्याउने भन्दा अरु काम गरेको देखिदैन। सडक, समुदाय नजिक रहेको यस्ता खतरा र बुढो भएको रुखहरु काटिदिएको भए शनिबार निशाले ज्यान गुमाउनु पर्ने थिएन ।

बिधुत प्राधिकरण उदयपुरले पनि आफ्नो कार्यक्षेत्रको रुखहरु काट्ने काम जारी राखेको छ। अझ खतरा हुने ठाउँहरुको रुख काटेर खतरामुक्त बनाउन अत्ति आबश्यक छ। सामुदायिक बन उपभोक्ता समिति, जिल्ला बन कार्यालय, बिधुत प्राधिकरण, सडक विभाग र स्थानीयहरुले मिलेर सबै खतरा देखिएको सडकको छेउछाउमा रहेको रुखहरु काट्न जरुरी छ। समयमानै गर्नुपर्ने कामहरु समन्धित निकायहरुले नगरेका कारण पनि धेरै नागरिकहरुले अनाहकमा ज्यान गुमाउनुपरिरहको छ। यसको लागि सबै संघ, संस्था, कार्यालयहरुले आफ्नो जिम्मेवारी पूर्णताका साथ लागु गरेर काम गर्न आबश्यक छ। यो काम आबश्यक भन्दा पनि अत्ति आबश्यकता हो ।

# समाचारको खोजीमा उच्च अदालत बिराटनगरसम्म





❖ बुद्धि कुमार राई


उनलाई कल गरे। उनी फोन सम्पर्कमा राम्रोसँग बोल्न चाहेनन्। बोल्न राम्रोसँग नमानेपछि कार्वाही गर्ने टिमका प्रमुख प्रथम उपाध्यक्ष तथा कार्यबाहक अध्यक्ष रमेश रसाईलीलाई कल गरे उनी बिहानै गईसकेको जानाकारी दिए। अब बिराटनगर को सँग जाने भनेर अर्को बिकल्प तयार गरेर उच्च अदालत बिराटनगर पुगियो । पहिलो पटक उच्च अदालतको प्राङगण टेकियो ।

त्रियुगा उद्योग बाणिज्य संघ उदयपुरको बिबाद यसरी सुरु भयो। २०७८ असार २८ मा १२ जनाको कार्यसमितिमा प्रथम उपाध्यक्ष रमेश रसाईलीको नेतृत्वको ९ जना कार्यसमितिले अध्यक्षलाई आर्थिक अपचलन गेरको आधारमा अध्यक्षबाट कार्बाही गरेर समितिले प्रथम उपाध्यक्ष रमेश रसाईलीलाई कार्यबाहक अध्यक्षको जिम्मेवारी दियो। त्यसपछि कार्बाहीमा परेका अध्यक्ष गजेन्द्र कुमार भगतले असार २९ गते, साउन १ गतेर साउन ५ गते जिल्ला प्रशासन कार्यालयमा निबेदन हालेको सुनिल साहले जानाकारी दिए । साहका अनुसार त्यसपछि भगत समुह साउन ७ गते उच्च अदालत बिराटनगर मोरङमा रिट हाले र उच्च अदालतले साउन ८ गते तत्काल रमेश रसाईलीलाई कार्यबाहक भएर काम नगर्न रोक लगाउँदै अन्तरिम आदेश जारी गरी साउन ११ गते रसाईलीलाइ उच्चले जिल्ला अदालत मार्फत पत्र ठम्यायो। पत्रमा रसाईली समुहका ९ जनलाई कार्बाही गर्नुको कारप पेस गर्न भनि पत्र काट्यो र साउन १७ गते उच्च अदालतका २ नम्बरको इजालसका माननिय न्यायधिस प्रेमराज ढकालर माननिय न्यायधिस तेज नारायण सिंह राईको संयुक्त इजालसले साउन २४ गते आईतबारको इजालस पेशी तोक्यो। साउन २४ गते आईतबार बिहान ११.३० मा उच्च अदालत बिराटनगर मोरङमा ४ नम्बरमा माननिय न्यायधिस यमुना भटराई र मिलन कुमार राईको इजालसमा प्रथम उपाध्यक्ष तथा कार्यबाहक अध्यक्ष रमेश रसाईलीको तर्फबाट कानुन ब्याबशायी वकिलहरु सुमन चन्द्र कार्की, राम लाल सुतिहार, लिलानाथ सुबेदी र सोमनाथ ढुङ्गानाले पहिले वकालत गरे। त्यसपछि बादी गजेन्द्र कुमार भगतको तर्फबाट वकिलहरु विकास थापा, भरत बहादुर थापा, डिल्ली बहादुर कार्कीले वकालत गेरका थिए । अध्यक्ष भगतका एक जना वकिल पुनम थापा भने अनुपस्तिी रहेकाले ३ जना वकिलले मात्र बोलेका थिए । वकालत चलिरहँदा वकिलहरुको पछि बाट वादी गजेन्द्र भगतको तर्फबाट चुडामणी कार्की र सुनिल साहले इजालसको बहस सुनिरहेका थिए। प्रतिवादीको तर्फबाट भने रमेश रसाईली, बिष्णु वली राई, नबिन बस्नेत, टिका श्रेष्ठ, विनोद पाण्डे सुनिरहेका थिए ।

आईतबारनै फैसला हुने आशामा प्रतिवादी रमेशको टिमबाट प्रथम उपाध्यक्ष रमेश रसाईली, दितिय उपाध्यक्ष हस्तमाया राई, सदस्य टिका श्रेष्ठ, नबिन बस्नेत, बिनोद पाण्डे, केदार थापा, रुपम अनुराग गुप्ता, सरोज बस्नेत, बिष्णु वली राई सहभागी थिए । बादी गजेन्द्र भगतको तर्फबाट गजेन्द्र भगत, दिनेश श्रेष्ठ सहभागी थिए । ति बाहेक भगतको तर्फबाट बिजेन्द्रलाल कर्ण, जगत बन्जरा, चुडामपी कार्की, लक्ष्मीनारायण श्रेष्ठ, सुनिता राई, सुनिल साह, पंकज गुप्ता सहभागी थिए । अन्यहरुमा राहुल यादव, शशी लामा पनि देखिन्थे । बादी प्रतिवादी बिच सामान्य बोलचाल मात्र चलेको देखिन्थ्यो । बहस सकिएपछि माननिय न्यायधिसले प्रमुख जिल्ला अधिकारीको निर्णय समेत चाहिने भएकाले आगामी साउन ३१ गते आईतबार फेरी पेशी तोकेको छ ।



| | | | | | |
|---|---|---|---|---|---|
| १, | आलु | रु ४० | १५, | काँक्रा | रु ७० |
| २, | अदुवा | रु १६० | १६, | धनियाँ | रु ८० |
| ३, | टमाटर | रु ६० | १७, | लोकल बोडी | रु ८० |
| ४, | बन्दा | रु ६० | १८, | खर्बुजा | रु ४० |
| ५, | भेन्टा | रु ८० | १९, | रायो साग | रु १०० |
| ६, | खुर्सानी | रु २०० | २०, | लट्टे साग | रु ६० |
| ७, | मुला | रु ६० | २१, | प्याज | रु ७० |
| ८, | पर्वल | रु १०० | २२, | निगुरो | रु २५ |
| ९, | तितेकरेला | रु ६० | २३ | दुध | रु. ७० |
| १०, | भिन्डी | रु ८० | २४, | दही | रु ९० |
| ११, | च्याउ | रु २४० | २५, | मोही | रु ५० |
| १२, | काउली | रु १६० | २६, | घ्यु | रु ७०० |
| १३, | पर्सी | रु ५० | २७, | राँगाको मासु | रु ४०० |
| १४, | कटहर | रु ४० | २८, | बंगुरको मासु | रु ४०० |
| | | | २९, | खसीको मासु | रु १,००० |




प्रोपाईटर – प्रविण बस्नेत
होमडेलिभरीको लागि
सम्पर्क – ९८४४०५०२७५



युनिक रेष्टुरेन्ट

| | |
|---|---|
| चिकेन म:म:.............. | १०० |
| चिकेन फ्राई म:म: ...... | .१२० |
| चिकेन सी म:म............ | १५० |
| चिकेन चाउमिन ......... | ..१५० |
| अण्डा चाउमिन............ | ..१०० |
| भेज चाउमिन.............. | ७० |
| भटमास चिउरा सादेको.. | .६० |
| चिकेन रोष्ट................. | ९० |
| चिकेन रोष्ट खाजा सेट.. | १५० |
| चिकेन सादेको................ | ३०० |
| चिकेन चिल्लि ................ | ३०० |
| चिकेन पकौडा................. | ३०० |
| चिकेन फ्राई................... .. | २०० |
| भेज पकौडा.................... | १०० |
| मटन पक्कु...................... | ४०० |
| पक्कु खाजा सेट ........... | ४३० |
| मटन भुटन...................... | ३०० |
| मटन भुटन खाजा सेट.... | ३३० |
| कोल्ड्रिंस पर ग्लास........ | .५० |
| हुक्का पर फेस............... | ३०० |

## पहाडी ......

बिभिन्न स्थानीयतह जाने कच्ची सडकहरु धेरैजसो बिग्रेर यातायात आउजाउ अवरुद्ध हुन पुगेको छ । केही दिनयता हरेक दिनजसो वर्षा भईरहेको छ । निरन्तर हुने वर्षाले भत्कने पहिरो मर्मत गरेपनि तुरुन्त भत्कने गर्दा सडक मर्मत पनि दिगो नहुने स्थानीय बताउँछन्।

धेरैजसो भर्खर खनिएका कच्ची सडक भएकाले जतातत‍ै पहिरो र हिलोले चारपाङग्रे साधन हिड्न सक्ने अवस्थामा छैन । मोटरसाईकलसम्म पनि हम्मे गरी चलाउनुपर्ने अवस्था रहेको स्थानीय बताउँछन्। पहिरो र हिलोले पहाडी भेगका लिमचुङबुङ, ताप्ली, रौतामाई र उदयपुरगढी गाउँपालिकाका आन्तरिक सडकहरु महिनादिनयता लगभग बन्दको अवस्थामा छन् । ती स्थानीयतहका आन्तरिक सडकहरु झन् चल्नै नसक्ने स्थितिमा पुगेको भुक्तभोगीहरुको भनाई छ ।

लिमचुङबुङका स्थानीय राजेन्द्र राईका अनुसार सडक बिग्रेका कारण गाउँपालिका केन्द्र बाराहा जान आउन, एकवडादेखि अर्कोमा जान समस्या परेको छ। भत्के बिग्रेको सडक मर्मत गरे पनि अर्को दिन परेको वर्षाले बिगारिहाल्ने गरेकाले जस्ताकोतस्तै बनाउने गरेकाले बनाउन पनि स्थानीयहरु दिक्क मान्ने गरेको राईले बताए ।

अर्को पहाडी गाउँपालिका ताप्लीको हालत पनि उस्तै छ। ५ वटै वडामा आन्तरिक सडक निर्माण भईसकेको भए पनि हिउँदभरी चल्ने सडक वर्षा लागेपछि कामै नलाग्ने गरेको स्थानीय बताउँछन् । वडा नं. १ ओख्लेका शिक्षक कृष्ण ठकुरीका अनुसार सानो बजेट, भिरालो जमिन र बिना इन्जिनियरिङ खनिएका सडक भएकाले दीगो र भरपर्दो हुन नसकेको हो । जति मर्मत गरे पनि कामै नलाग्ने सडकले हरेक वर्षायाममा दुःख दिने गरेको वडाबासीको दुखेसो छ । उदयपुरगढी र रौतामाई गाउँपालिकामा पनि समस्या त्यस्तै रहेको छ ।

सदरमुकाम भए पनि त्रियुगा नगरपालिकाका पहाडी वडाहरुमा पनि समस्या उस्तै छ। त्रियुगाका वडा नं. १४, १५ र १६ सबै पहाडी र बिकट भएकाले सडकहरुको हालत खराव रहेको छ । कटारी नगरपालिकाका ८, ९, १०, ११, १२, १३ र १४ नं वडाहरु सबै पहाडी भेग भएकाले समस्या उस्तै रहेको छ । त्यस्तै, चौदण्डीगढी नगरपालिकाको पहाडी वडाहरु १, २ र ८ नं. वडामा पर्ना आन्तरिक सडकहरुको अवस्था वर्षालय दयनीय बनाएको छ भने बेलका नगरका ५, ६ र ७ नं. वडा जाने सडकहरु पनि वर्षाको चपेटामा परेको स्थनीयको भनाई छ ।

सडकहरु भत्केका कारण नगरपालिका केन्द्र (मुकाम) आउजाउ गर्न निकै कठिनाई हुने गरेको उनीहरुको भनाई छ। कच्ची सडकहरु हिउँदमा धुलाम्य र वर्षायाममा हिलाम्य हुने अर्को समस्या पनि छदैछ । पहिलेजस्तो सडक भत्कदा मर्मत गर्न जिल्ला र केन्द्रको मुख ताक्नु नपर्ने भएकाले त्यति ठूलो समस्या भने अहिले छैन । हरेक स्थानीयतहले आन्तरिक सडक बिग्रे भत्केका बेला आवश्यक बजेट तर्जुमा गरेर मर्मत गर्न सक्ने भएकाले जनतालाई केही राहत भने भएको नागरिकहरु बताउँछन् ।





# बिके किराना पसल




३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा
गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर सगै, उदयपुर ।

*प्रोपाइटर* - भरत चामलिङ









# फुटबल प्रशिक्षण पोखरामा हुने

❖ बिबेक राई

*काठमाडौं, साउन २४*

अखिल नेपाल फुटबल संघ (एन्फा) ले पुरुष राष्ट्रिय फुटबल टोलीको प्रशिक्षण पोखरामा हुने बताएको छ। राष्ट्रिय फुटबल टोलीको यहि बुधबारबाट पोखरा रंगशालामा प्रशिक्षण सुरु हुने एन्फाले बताएको छ । त्यसको लागि टोली काठमाडौँबाट मंगलबार नै पोखरा पुग्ने योजना बनाइएको छ। नेपाली फुटबल टोली अहिले आउँदै गरेको साफ च्याम्पियनसिप र चीन २०२३ एसियन कप छनौटको लागि तयारि गरिरहेको छ। साफ च्याम्पियनसिप आउँदो महिनामा हुने भएको छ।

बंगलादेशले कोरोना संक्रमित बढ्दै गएको, प्रायोजकको कमि, कोरोनाको प्रभावले आयोजनास्थलको कमि भन्दै विभिन्न कारण देखाउँदै साफ आयोजनाबाट हात झिकेको थियो। त्यसपछि नेपाल र माल्दिभ्सले साफ आयोजनाको लागि ईच्छा देखाएका थिए जसको अन्तिम निर्णय आउन बाँकी नै छ। नेपालले घरेलु मैदानमा साफ आयोजना गर्नु पाएपनि नपाएपनि साफमा राम्रो उपस्थिति जनाउने भनेर जोडदार तयारि गरिरहेको छ । त्यसै तयारिको लागि नेपाली टोली अब पोखरामा गएर थप प्रशिक्षण गर्ने भएको हो ।

एन्फाले पोखरा जाँदा प्रकाश बुढाथोकी र एरिक विष्टको स्थानमा शिशिर लेखी, सेसेहाङ आङदेम्बे र गोलरक्षक विशाल सुनार टोलीमा समेटिने बताएको छ। पोखरा जाने टोलीमा गोलरक्षकमात्र छजना भएका छन् । सुनारसँगै नेपालकै नम्बर वान गोलरक्षक किरण चेम्जोङ, विशाल श्रेष्ठ, दिप कार्की, विकेश कुथु र अर्पण कार्की गरि छ गोलरक्षक हुनेछन्। त्यसबाहेक अन्य खेलाडीमा रजिन धिमाल, सुमन अर्याल, रणदिप पौडेल, दिनेश राजवंशी, गौतम श्रेष्ठ, राजिव लोप्चन, अनन्त तामाङ, रोहित चन्द, सुरज ज्यू ठकुरी छन्।

सुमन लामा, कमल थापा मगर, नितिन थापा, तेज तामाङ, पुजन उपरकोटी, विशाल राई, सन्तोष तामाङ, सञ्जोग राई, विक्रम लामा, सुजल श्रेष्ठ र त्रिदेव गुरुङ पनि पोखरा जानेछन् । त्यसैगरि सुनिल बल, मनिष डाँगी, अञ्जन विष्ट, आयुष घलान, नवयुग श्रेष्ठ, आशिष लामा, भरत खवास र अभिषेक रिजाल पनि टोलीसँगै जानेछन् । साफ तयारीको लागि भनेर नेपालले भारतसँग काठमाडौँ दशरथ रंगशालामा दुई मैत्रीपूर्ण खेल खेल्ने योजना पनि बनाएको छ ।

तर मैत्रीपूर्ण खेलको लागि भारतले २३ वर्ष मुनिका यू-२३ टोली पठाउने भएपछि नेपालले भारतलाई सिनियर टोली नै पठाउनुपर्नेमा स्पष्ट धारणा राखेको छ। नेपाल र भारतले यहि भदौ १७ र २० गत्ते मैत्रीपूर्ण खेल खेल्ने तयारि गरेका छन्। नेपालले भारतपछि बंगलादेशसँग पनि मैत्रीपूर्ण खेल खेल्ने तयारि गरेको छ। तर बंगलादेशसँगको मैत्रीपूर्ण खेल काठमाडौँमा नभएर पोखरामा नै खेल्ने नेपालको तयारि छ । त्यसैगरि एन्फाले सि डिभिजन लिगको लागि छनौट खेल तालिका पछि सारेको छ ।

भदौ १ बाट सि डिभिजन लिगको छनौट गर्ने तालिका भएपनि दश दिनपछि सार्दै अब भदौ १० गत्तेबाट छनौट गर्ने भएको छ । योसँगै अब छनौट खेलको लागि दर्ता मिति पनि साउन २५ बाट ३२ गत्तेसम्मलाई थप गरिएको छ । देशभरबाट छनौट खेल्ने टोलीहरुमध्ये जम्मा तीन टोलीले मात्र छनौट भएर सी डिभिजन लिग खेल्न पाउनेछन्। सी डिभिजनको छनौटको लागि देशैभरबाट नाम दर्ता भइरहँदा उदयपुरको कटारीबाट फ्रेण्ड्स ग्रुप एफसीले पनि नाम दर्ता गराएको छ ।

च्याम्पियन्स एफसी काठमाडौं, झापा एफसी, डुँडामारि एफसी झापा, चौतरा स्पोर्टिङ क्लब सिन्धुपाल्चोक, रोलिङ क्लब धुलाबारी झापालगायत क्लबहरुले पनि सी डिभिजन छनौट खेल्ने भएका छन्। अन्तर्राष्ट्रिय फुटबलको कुरागर्दा बार्सिलोनाका स्टार खेलाडी लियोनल मेस्सीले आधा तलबमा क्लबमा रहन चाहेपनि क्लबसँगको सम्झौता नविकरण नभएपछि क्लबबाट बिदाइ भएका छन्। बार्सिलोनाको सिनियर टोलीमा १७ वर्ष र समग्रमा २१ वर्ष अर्थात सानै उमेरदेखि क्लबमा रहेका र पहिलोपटक क्लब छाड्दा बिदाइ कार्यक्रमको अन्त्यसम्म मेस्सी निकै रुएका थिए ।




त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटर:–**बिनोदकुमार पाण्डे**
सम्पर्क:– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३०५८२





प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

नारायणी ग्याँस
गाईघाट,डिलर, उदयपुर




विक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्ट मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।


माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट